# ‘छिमेकी’ कथामा सङ्कथनात्मक निर्मितिको प्रयोग

**त्रिभुवन बरई***

**लेखसार**

*प्रस्तुत लेखमा सङ्कथनात्मक निर्मितिको सैद्धान्तिक मान्यताका आधारमा कथाकार गुरुप्रसाद मैनालीद्वारा लिखित ‘छिमेकी’ कथाको विश्लेषण गरिएको छ । उक्त कथामा प्रयुक्त सांसारिक, कार्यात्मक र क्रियाकलापगत निर्मितिको अवस्था केकस्तो छ भन्ने जिज्ञासाको परिपूर्ति गर्नका लागि यो अध्ययन गरिएको हो । निर्मितिको सैद्धान्तिक पर्याधारलाई आधार बनाई प्राथमिक एवं द्वितीयक स्तरको सामग्रीको उपयोग गरी गुणात्मक र पाठविश्लेषणात्मक शोधविधि अपनाई यस लेखलाई पूर्णता प्रदान गरिएको छ । प्रस्तुत कथामा प्रयुक्त सांसारिक निर्मितिसँग सम्बद्ध पक्षको अध्ययन उपस्थित र अनुपस्थित यथार्थ, कार्यात्मक निर्मितिसित सम्बन्धित पक्षको विश्लेषण प्रिय वस्तुप्रतिको आकर्षण र संरक्षण, अपरिहार्यता र अन्तनिर्भरता तथा क्रियाकलापगत निर्मितिसँग सम्बद्ध जिज्ञासाको मूल्याङ्कन राजनीतिक र सामाजिक शक्तिजस्ता मानदण्डका आधारमा गरिएको छ । सांसारिक, कार्यात्मक र क्रियाकलापगत निर्मितिको प्रयोगले प्रस्तुत कथाको सारवस्तुको प्रस्तुतीकरण र बोधमा महत्त्वपूर्ण भूमिका वहन गरी कथालाई कलात्मक, सौन्दर्यपूर्ण र मानवीय संवेदनायुक्त बनाएको कुरा यस अध्ययनमा प्राप्त गरिएको छ । अन्त्यमा, उक्त निर्मितिको प्रयोगले प्रस्तुत कथाको आपसी एकता, सद्भाव र परस्परको सहयोग, लोककल्याण र मानवताको सर्वोपरिता तथा छिमेकीहरूको आवश्यकता र अपरिहार्यतासँग सम्बद्ध पक्षको अङ्कनका माध्यमबाट आदर्शवादी समाजको स्थापनाप्रतिको दृष्टिकोण र चिन्तन पाठकसमक्ष सम्प्रेषित हुनुले कथाकार मैनालीमा कथासिर्जना गर्ने शिल्प र सामर्थ्य बेजोड रहेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी**

अनुपस्थित यथार्थ, अपरिहार्यता, कार्यात्मक, क्रियाकलापगत, निर्मिति ।

---

* उपप्राध्यापक, भैरहवा बहुमुखी क्याम्पस, रुपन्देही ।

# [The use of syntactic building in the Chhimeki story

Tribhiwan Barai

**Abstract**

*In the present article, the story 'Chhimeki' written by the storyteller Guruprasad Mainali has been analyzed based on the theoretical recognition of six syntactic building. This study has been done to satisfy the curiosity that what is the condition of the worldly , activity-based and political buildings used in the said story. This article has been completed by adopting qualitative and meta-analytical research methods using primary and secondary level materials based on the theoretical framework of six buildings. The study of the aspect related to the worldly building used in the presented story is present and absent reality, the analysis of the aspect related to the activity-based building is done on the basis of criteria such as political and social power. It has been found in this study that the use of worldly, activity-based and political buildings plays an important role in the presentation and understanding of the essence of the presented story and makes the story artistic, aesthetic and humane. In the end, by the use of the said production, the mutual unity, harmony and mutual support of the presented story, the supremacy of public welfare and humanity and the need and inevitability of the neighbors, the approach and thought towards the establishment of an idealistic society are communicated to the reader, so it is concluded that the storyteller Mainali's craft and ability to create a story is unmatched.*

**Keywords**

Building, Absent reality, Inevitability, Activity-based, Political.]

## विषयपरिचय

छिमेकीहरूको अपरिहार्यता, समन्वय र मेलमिलापमा आधारित 'छिमेकी' गुरुप्रसाद मैनालीको विशिष्ट कथा हो। *नासो* कथासङ्ग्रहको दोस्रो कथाका रूपमा सङ्गृहीत यस कथाले लोककल्याणको भावनालाई अवलम्बन गरेको छ। असल, क्षमाशील र सहयोगी छिमेकीहरूको परिकल्पनाका माध्यमबाट आपसी समन्वय र सहकार्यमा आधारित सद्भाव एवं समर्पणयुक्त सामाजिक वातावरणको निर्माणमा केन्द्रित रहेको उक्त कृतिको शोधमूलक ढङ्गले अध्ययन गर्नु आवश्यक देखिन्छ।

वक्ता वा लेखक र श्रोता वा पाठकका बिचको निश्चित सन्दर्भमा आधारित अन्तर्क्रियाको अध्ययन गर्ने निश्चित सामाजिक तथा सांस्कृतिक सन्दर्भलाई समेटेर पाठको मूल्याङ्कन गर्ने विशिष्ट प्रकारको पद्धतिका रूपमा रहेको सङ्कथन विश्लेषणअन्तर्गतको एउटा महत्त्वपूर्ण सैद्धान्तिक पर्याधार हो छ निर्मिति। प्रतीकात्मकता वा लाक्षणिकता, सांसारिकता, कार्यात्मकता, क्रियाकलाप, संस्कृतिनिष्ठ पहिचान र अन्तर्क्रियात्मक सम्बन्धजस्ता मानदण्डमा आधारित भई साहित्यिक पाठमा

अङ्कित सारवस्तुको अन्वेषणमा सघाउने एउटा सैद्धान्तिक मान्यतालाई छ निर्मिति भनिन्छ। उल्लिखित छओटा पक्षलाई केन्द्र बनाई साहित्यिक पाठमा अभिव्यक्त सारवस्तुगत सन्दर्भको मूल्यनिरूपण गर्नुपर्ने मान्यता यस अवधारणाले वरण गरेको छ। निर्मितिको अवधारणाले सङ्कथनको आशय वा अर्थलाई बढी वस्तुपरक, विश्वसनीय र प्रामाणिक बनाउनमा सघाउँछ। विधातत्त्व, समाजशास्त्रीयजस्ता आधारमा केही अध्ययन गरिए पनि छ निर्मितिको केन्द्रीयतामा 'छिमेकी' कथाको गहन र शोधमूलक ढङ्गले अध्ययन गर्ने कार्यको रिक्तता रहेकाले उक्त रिक्तताको परिपूर्तिका लागि यो अध्ययन गरिएको हो। छ निर्मितिमध्ये सांसारिकता, कार्यात्मकता र क्रियाकलापका आधारमा मैनालीको 'छिमेकी' कथा केकस्तो छ भन्ने जिज्ञासा नै यस लेखको मुख्य प्राज्ञिक समस्या हो भने छ निर्मितिमध्ये सांसारिकता, कार्यात्मकता र क्रियाकलापका आधारमा 'छिमेकी' कथाको प्राज्ञिक ढङ्गले मूल्याङ्कन गर्नु नै प्रस्तुत लेखको मुख्य उद्देश्य हो।

कृतिको सारवस्तुगत सन्दर्भको प्रस्तुतीकरण र बोधप्रक्रियामा क्रमशः स्रष्टा एवं द्रष्टा दुवैलाई सघाई पाठको सारवस्तुलाई गहन, विशिष्ट र वस्तुपरक बनाउनमा सहयोगी सिद्ध हुने भएकाले प्रस्तुत अध्ययन औचित्यपूर्ण देखिन्छ। गुरुप्रसाद मैनालीको 'छिमेकी' कथालाई मुख्य आधार बनाइनुलाई यस लेखको व्यक्तिगत र कृतिगत तथा छ निर्मितिमध्ये सांसारिक, कार्यात्मक र क्रियाकलापगत निर्मितिको मात्र उपयोग गर्नुलाई सैद्धान्तिक क्षेत्र निर्धारण गरिएको छ भने प्रतीकात्मकता, संस्कृतिनिष्ठ पहिचान र अन्तर्क्रियात्मक सम्बन्धजस्ता निर्मितिगत पक्षको अध्ययन नगरिनुलाई यस लेखको सीमा मानिएको छ। उक्त कथामा चित्राङ्कित सांसारिकताको उपस्थित र अनुपस्थित यथार्थ, कार्यात्मकताको प्रिय वस्तुप्रतिको आकर्षण र संरक्षण, अपरिहार्यता एवं अन्तर्निर्भरता तथा क्रियाकलापगत अवस्थासँग सम्बद्ध पक्षको राजनीतिक र सामाजिक शक्तिजस्ता मानदण्ड अपनाई यहाँ विश्लेषण गरिएको छ।

## अध्ययनको विधि

प्रस्तुत लेखसँग सम्बद्ध सामग्रीहरूको सङ्कलन पुस्तकालयीय स्रोतबाट गरिएको छ। आधारभूत सामग्रीका रूपमा गुरुप्रसाद मैनालीको 'छिमेकी' कथालाई प्रयोग गरिएको छ भने सहायक सामग्रीका रूपमा छ निर्मितिको सैद्धान्तिक अवधारणा एवं सामग्री अर्थापनको ढाँचा निर्धारणका निम्ति विभिन्न अध्येताहरूद्वारा गरिएका पूर्वकार्यहरूलाई उपयोगमा ल्याइएको छ। यस लेखमा अवलम्बित सामग्री विश्लेषणको सैद्धान्तिक पर्याधार तथा सामग्रीको अर्थापनको विधि र ढाँचाको प्रयोग गरिएको छ।

प्रतीकात्मक, सांसारिक, कार्यात्मक , सामाजिक सांस्कृतिक पहिचान र सम्बन्ध, क्रियाकलाप एवं अन्तर्क्रियात्मक वा सम्बन्धगत पक्षको केन्द्रीयतामा आधारित भई पाठमा निहित अर्थको खोजी गर्न सङ्कथन विश्लेषणअन्तर्गत विकसित सैद्धान्तिक अवधारणा नै छ निर्मिति हो। साहित्यिक पाठ पनि एउटा विषय हो, जसमा अर्थ समाहित हुन्छ। पाठको अर्थलाई सङ्केत गर्नको लागि विभिन्न प्रतीकहरूको व्यवस्था पाठमा गरिएको हुन्छ। पाठ सङ्केतहरूको जोडजाड वा सङ्ग्रह हो (Gee, 1999, p. 46)। यस विचारलाई अवलम्बन गर्दा पाठमा अनेकौं प्रकारका सङ्केतहरूको प्रयोग गरिएको हुन्छ; तिनीहरूकै अध्ययन, मनन र विश्लेषणले पाठको अर्थ प्राप्त हुने कुरा स्पष्ट हुन्छ। पाठकको दिमागमा सञ्चित धारणाका आधारमा उसले पाठको अर्थग्रहण गर्दछ। पाठको अर्थलाई सीमाङ्कित गर्ने कार्यमा परिवेश र सन्दर्भले महत्त्वपूर्ण भूमिका वहन गर्दछन् भने पाठको अर्थ निर्धारण गर्ने काममा समाज र संस्कृतिले पनि सहयोग पुऱ्याउँछन्।

पाठमा निहित अर्थ प्राप्तिका निम्ति सङ्कथन विश्लेषणमा छ निर्मितिको अवधारणा विकसित गरिएको छ । ती छ निर्मितिहरूमा प्रतीकात्मक निर्मिति, सांसारिक निर्मिति, कार्यात्मक निर्मिति, सामाजिक सांस्कृतिक पहिचान र सम्बन्धमा निहित निर्मिति, क्रियाकलापगत निर्मिति र अन्तर्क्रियात्मक वा सम्बन्धगत निर्मिति रहेका छन् (Gee, 1999, p. 85-86) । यसलाई अवलम्बन गर्दा यी छ ओटा निर्मितिहरूले पाठमा निहित अर्थको खोजीमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने निष्कर्ष प्राप्त हुन्छ । पाठमा प्रयोग गरिएका सङ्केत र प्रतीकहरूलाई मुख्य आधार बनाई पाठको अर्थको खोजी गर्नुपर्ने मान्यता राख्ने निर्मिति नै प्रतीकात्मक निर्मिति हो । सङ्कथनमा सङ्केतहरू पद, पदावली तथा वाक्यांशका रूपमा आएका हुन्छन् (गौतम, २०६८, पृ.५७१) । यस्ता पद, पदावली र वाक्यांशमा अर्थहरू निहित रहने र तिनको विश्लेषण र पहिचानबाट पाठको अर्थ स्पष्ट हुने अभिमत उक्त अंशबाट प्राप्त हुन्छ ।

पाठमा अन्तर्निहित जीवनपद्धति, सुखदुःख, सामाजिक सम्बन्ध, विचारधारा इत्यादिको खोजी गर्ने निर्मितिको एक प्रकारलाई सांसारिकता वा सांसारिक निर्मिति भनिन्छ । कृतिमा सामाजिक जीवनको वास्तविकता हुन्छ ; यथार्थ हुन्छ ; विभिन कारणहरू हुन्छन् ; जसले पाठको अर्थसम्प्रेषण गर्ने कार्यमा सहयोग पुऱ्याउँछन् । यसै गरी पाठभित्र उपस्थित यथार्थ र अनुपस्थित यथार्थ, वास्तविक र अवास्तविक, सम्भावित, सम्भव र असम्भवजस्ता प्रसङ्ग, विषयवस्तु र घटनाहरूको संयोजन पनि गरिएको हुन्छ (Gee, 1999, p. 86) । यसलाई वरण गर्दा पाठभित्र उपस्थित र अनुपस्थित यथार्थ, वास्तविक र अवास्तविक, सम्भावित, सम्भव र असम्भवजस्ता घटना, जीवनपद्धतिको संयोजन गरिएको हुँदा पाठको अर्थग्रहण गर्दा ती पक्षहरूलाई ध्यानमा राखी अघि बढ्नुपर्ने अभिमत प्राप्त हुन्छ । प्रत्येक पाठमा सांसारिकताको निर्माण गरिएको हुन्छ ।

पाठमा पात्रहरूले गर्ने कार्य र क्रियाकलाप, व्यक्त गर्ने विचार, भावना इत्यादिलाई मानदण्ड मानी त्यसैको केन्द्रीयतामा रही पाठको अर्थको निर्धारण गर्ने निर्मिति नै कार्यात्मक निर्मिति हो । पात्रहरूको कार्य, व्यवहार वा क्रिया हेरेर मानवीय स्वभाव, बानी र विचार पक्षको सम्प्रेषणमा यसले सहयोग पुऱ्याउँछ । प्रिय वस्तुको प्राप्ति र संरक्षण, मानवीय मूल्य, मान्यता र मानवताको संरक्षणको अपरिहार्यता, सामाजिक प्राणीका हैसियतले एउटा व्यक्तिको अरूप्रतिको अन्तर्निर्भरता लगायतका पक्षहरूलाई मध्यनजरमा राखी पात्रले पाठभित्र विभिन्न प्रकारका क्रियाकलापहरू गरेको हुन्छ । गीले पाठमा चित्रित मुख्य गतिविधिहरूको निर्क्योल गरी पाठको अर्थबोध गर्नुपर्ने अभिमत प्रकट गरेका छन् (p. 93) । तसर्थ, पाठमा पात्रहरूले गर्ने कार्य र क्रियाकलापलाई मुख्याधार बनाई त्यसैको केन्द्रीयतामा रही पाठको अर्थीय संरचनाको मूल्याङ्कन गर्नुपर्ने मान्यता यस निर्मितिले वरण गरेको कुरा प्रमाणित हुन्छ ।

पाठमा अन्तर्निहित राजनीतिक र सामाजिक शक्तिलाई पाठको अर्थग्रहणको मुख्य आधार बनाउनुपर्ने उद्देश्यका साथ विकसित अवधारणात्मक निर्मिति नै राजनीतिक वा क्रियाकलापगत निर्मिति हो । पाठभित्र आएको शक्तिलाई आधार बनाई पाठमा निहित अर्थको निर्धारण गर्नुपर्दछ (Gee, Ad. 1999, p. 86) । यसलाई अवलम्बन गर्दा पाठमा प्रभुत्वशाली र अधीनस्थ, शासक र शासित, पीडक र पीडित वर्ग, महिला र पुरुष , धनी र गरिब आदि विविध प्रकारका पात्रहरूको प्रयोग गरिएको कुराको निर्क्योल गर्न सकिन्छ । लुइस आल्थुसरले आर्थिक जस्तो एउटा तत्त्वले मात्र नभई राजनीतिक, सांस्कृतिक, धार्मिक लगायतका थुप्रै तत्त्वहरूले समाजको संरचनामा/संरचना निर्माण गर्नमा एकअर्कासँग प्रतिस्पर्धा गर्ने र एकअर्काका अन्तर्विरोधी हुने तर्क प्रस्तुत गरेका छन् (पाण्डये, २०७३, पृ. ६३) । यसले पात्रमा निहित आर्थिक, राजनीतिक, सांस्कृतिक, धार्मिक, सामाजिकजस्ता पक्षहरूले एउटा पात्रले अरू पात्रहरूसँग गर्ने प्रतिस्पर्धा तथा एकअर्काका विरोधी वा समर्थक हुने कुरालाई स्पष्ट पार्दछ । यसै गरी रेमन्ड विलियम्सले प्रभुत्वशाली, अधीनस्थ र

उदीयमान जस्ता समुदायको पनि चर्चा गरेका छन् (गौतम, २०७५, पृ. ९३-९४)। यिनका मतअनुसार एकथरिका समुदाय प्रभुत्वशाली, अर्काथरिका समुदाय अधीनस्थ र झन् अर्काथरिका समुदाय उदीयमान प्रकृतिका हुन्छन् भन्ने कुरा प्रमाणित हुन्छ। यसै गरी स्टुआर्ट हलले सञ्चारले उत्पादन गरेको अर्थलाई प्रभुत्वशाली, वार्तामुखी र अस्वीकार्य गरी तीन किसिमले ग्रहणकर्ताले ग्रहण गर्दछ (गौतम, २०७५, पृ. १००)। यसलाई सामान्यीकरण गर्दा प्रभुत्वशाली वा अन्य समुदायले उत्पादन गरेको अर्थलाई हुबहु (प्रभुत्वशाली), केही स्वीकार्य र केही अस्वीकार्य (सहमतीय) तथा पूरै अस्वीकार्य ढङ्गले ग्रहण गरिने कुरा प्राप्त हुन्छ। यसरी नै फुकोले त समाजका हरेक व्यक्ति शक्तिशाली भएको अर्थात् हरेक व्यक्तिमा शक्ति निहित रहेको विमर्श व्यक्त गर्दै शक्ति नकारात्मक मात्र नभई उत्पादनशील र सकारात्मक हुने विचार पनि व्यक्त गरेका छन् (पाण्डये, २०७३, पृ. ७४)। यिनको अभिमतले हरेक व्यक्ति शक्तिशाली भएकाले आनन्द प्रदान गर्ने, ज्ञान निर्माण गर्ने विमर्शको उत्पादन गर्ने कार्यमा शक्तिको महत्त्वपूर्ण भूमिका रहने तथ्यलाई पुष्टि गर्दछ। साथै, फुकोले हरेक व्यक्तिले आफ्नो प्रतिनिधित्व आफैले गर्न सक्ने अभिमत पनि प्रकट गरेका छन् (उप्रेती, २०६९, पृ. २८४)। यस मतले पनि शक्तिलाई नै प्राथमिकता दिएको पाइन्छ। पाठमा कुनै वर्ग, लिङ्ग, जाति, राष्ट्रियता आदिको उपस्थिति कसरी भएको छ भन्ने कुराको सम्प्रेषण गर्ने कार्यमा प्रतिनिधित्वको अवधारणाले सहयोग पुऱ्याउँछ (भट्टराई, २०७०, पृ.३३६)। उल्लिखित सन्दर्भहरूले समाजका व्यक्तिहरूमा शक्ति निहित रहने कुरालाई प्रस्ट्याएका छन्।

सामाजिक स्तर देखाउनका लागि पाठमा सामाजिक वस्तु (सम्पत्ति, घर, गाडी, गोरु, भैँसी, जग्गा, घडेरी) हरूको उपस्थिति पनि देखाइएको हुन्छ। विना शक्ति सामाजिक हैसियत हुँदैन। राजनीतिक शक्तिलाई सामाजिक सम्पत्ति मानिन्छ। पाठमा पात्रहरूको सामाजिक स्तरनिर्देशका साथै शक्तिसम्बन्धको स्तरको पनि चर्चा गरिएको हुन्छ। पाठमा हरेक पात्रले आफ्नो सामाजिक स्तरलाई कायम गर्न खोजेको हुन्छ। यिनै कुराहरूलाई कृतिभित्र खोज्दै तिनैका आधारमा पाठमा निहित अर्थको मूल्याङ्कन गर्ने कार्यमा राजनीतिक निर्मितिले सहयोग पुऱ्याउने निष्कर्ष प्राप्त हुन्छ।

पाठमा सामाजिक सांस्कृतिक अर्थहरू सन्निहित हुने भएकाले पाठमा निहित अर्थको अध्ययन गर्नका निम्ति सामाजिक सांस्कृतिक दृष्टिकोणहरूको अवलम्बन गर्नुपर्ने मान्यता राख्ने निर्मिति नै सामाजिक सांस्कृतिक पहिचानगत र सम्बन्धगत निर्मिति हो। पाठमा भएको अर्थसंयोजन प्रक्रियाको बोध गरी त्यसैको केन्द्रीयतामा आधारित भई पाठको अर्थको विश्लेषण गर्नुपर्ने मान्यता आत्मसात् गर्ने निर्मिति नै अन्तर्क्रियात्मक वा सम्बन्धगत निर्मिति हो। अतः यिनै सैद्धान्तिक पर्याधार र मान्यतामा आधारित भई प्रस्तुत लेखलाई परिपाकमा पुऱ्याइएको छ।

गुणात्मक र पाठविश्लेषणात्मक शोधविधिको उपयोगमा पूर्णता प्रदान गरिएको प्रस्तुत लेखको अर्थापनको ढाँचालाई निम्नअनुसार उल्लेख गरिएको छ :

| **ढाँचाक्रम** | **विश्लेष्य पक्ष** | **विश्लेषणको ढाँचा** |
|---|---|---|
| क | सांसारिक निर्मिति | क) उपस्थित यथार्थ |
| | | ख) अनुपस्थित यथार्थ |
| ख | कार्यात्मक निर्मिति | क) प्रिय वस्तुप्रतिको आकर्षण र संरक्षण |
| | | ख) अपरिहार्यता |
| | | ग) अन्तर्निर्भरता |
| ग | क्रियाकलापगत निर्मिति | क) राजनीतिक शक्ति |
| | | ख) सामाजिक शक्ति |

प्रस्तुत लेखमा उपर्युक्त सैद्धान्तिक पर्याधार र मानदण्डका आधारमा प्रस्तुत 'छिमेकी' कथाको विश्लेषण गरिएको छ ।

## नतिजा र विमर्श

'छिमेकी' कथामा प्रयुक्त निर्मितिसम्बन्धी सामग्रीहरूको व्याख्या र पुष्ट्याइँ तलका उपशीर्षकहरूमा गरिएको छ :

### सांसारिक निर्मिति

'छिमेकी' कथामा चित्रित सांसारिक निर्मितिलाई निम्नअनुसार अध्ययन गरिएको छ :

*उपस्थित यथार्थ* : भौतिक संसारमा फलप्राप्ति हुने, कसैका लागि काम गरिने, गरिएको कामको असर प्रत्यक्ष देखिनेजस्ता प्रवृत्तिमा आधारित यथार्थ नै उपस्थित यथार्थ हो । यो त्यस्तो यथार्थ हो, जो प्रत्यक्ष रूपमा देखिन्छ वा देखिने सम्भावना हुन्छ । प्रस्तुत कथामा गुमानेले ढुङ्गाले धनजितेलाई हान्न खोज्दाको अवस्थामा धर्मानन्द पाध्येले छेक्नु, स्वास्नीसहित बिरामी परेको धनजितेलाई गुमानेले सेवा गर्नु, सोही समयमा सामान ओसार्नका लागि आशामरु साहुले प्रस्ताव राख्दा गुमानेले अस्वीकार गरी छिमेकीकै रेखदेखमा लाग्नु, सन्चो भएपछि दुवैमा आत्मिक मित्रता कायम हुनुजस्ता प्रसङ्ग र सन्दर्भहरूले उपस्थित यथार्थको सङ्केत दिन्छन् । गुमानेले आफ्नो छिमेकी बिरामी हुँदा सहयोग गर्नु, पैसालाई महत्त्व नदिनु, विगतको झगडालाई बिर्सनु, असल छिमेकीको कर्तव्य पालना गर्नु, देवी देवताको पूजापाठ गरी गाउँको समस्यालाई समाधान गर्न खोज्नु पनि उपस्थित यथार्थ नै हो । छिमेकीका रूपमा रहेका व्यक्तिहरू बेलामौकामा आपसमा लड्छन्, भिड्छन् र आवश्यकता परेको बेलामा एकअर्कालाई सहयोग पनि पुऱ्याउँछन्, सुखःदुखमा सँगै रहन्छन् भन्ने कुरालाई गुमाने र धनजितेका माध्यमबाट अघि बढाइएको छ । समाजमा अरूलाई लडाई आनन्दको अनुभूति गर्ने तथा धनको घमन्ड देखाउने समाजका प्रभुत्वशाली वर्गको गतिविधिको वास्तविकताको उद्घाटन धर्मानन्द पाध्येको माध्यमबाट गरिएको छ । तथापि उक्त कथाको उपस्थित यथार्थतासम्बन्धी सन्दर्भले ग्रामीण समाजको आदर्शोन्मुख यथार्थतामा आधारित जीवनपद्धतिको उद्घाटन गरिदिएको छ ।

*अनुपस्थित यथार्थ* : भौतिक संसारमा फल प्राप्ति नहुने, आफ्नो लागि गरिने, आध्यात्मिक चिन्तनमा आधारित हुने, पुण्य आर्जन एवं मोक्षप्राप्तिको भावनामा केन्द्रित हुने यथार्थलाई अनुपस्थित यथार्थ भनिन्छ । असल काम गरियो भने पुण्य पनि प्राप्त हुने र परलोक पनि सप्रिने विचार धार्मिक चिन्तन भएको मान्छेमा पाइन्छ । गुमानेले धनजिते र उसकी श्रीमतीको सेवा गरी असल छिमेकी बन्न र देवीदेवतालाई खुसी तुल्याई गाउँमा देखिएको एक प्रकारको महामारीको समाधान गर्न खोज्नुले उपस्थित यथार्थको झल्को पाइन्छ भने अर्कोतिर यी सबै काम भगवान्ले हेरिरहेका तथा देवीदेवताको पूजापाठबाट देवीदेवता पनि खुसी हुने र आफ्नो परलोक पनि सप्रिने एवं धार्मिक लाभ हुने तथा आफू पापी नभई पुण्य गर्ने व्यक्तिका सूचीमा सूचीबद्ध हुनेजस्ता प्रवृत्तिहरू गुमानेको क्रियाकलापमा देखिन्छन् । यस तथ्यबाट अनुपस्थित यथार्थको झल्को पाइन्छ । उक्त कुरालाई यस कथांशका माध्यमबाट थप पुष्टि गरिएको छ, "गुमानेले जान्ने बसायो । गाउँका सारा मानिस जम्मा भए, तर करेसो जोरिएको धनजिते आएन । जान्नेले पनि देवीको दोष देखायो । सबै जम्मा भएर धुमधामसँग पूजा गरे" (मैनाली, २०७३, पृ. १४) । यस कथांशले धर्मप्रतिको आस्थालाई बोध गराएको छ । अप्रत्यक्ष रूपमा भए पनि देवीदेवता खुसी हुने र आफ्नो परलोक पनि सप्रिने गुमानेमा अन्तर्निहित अनुपस्थित यथार्थलाई पाठकसमक्ष प्रस्तुत कथांशका माध्यमबाट पुऱ्याउन खोजिएको छ ।

अनुपस्थित यथार्थतासम्बन्धी सन्दर्भले आत्मशुद्धी, मानवोपकार तथा सम्भाव्य दुर्घटनाबाट जोगिनका निम्ति मानिसद्वारा गरिने अध्यात्मप्रतिको आस्था र विश्वासगत अर्थबोधमा सघाएको देखिन्छ ।

**कार्यात्मक निर्मिति**

गुमाने, धनजिते, धर्मानन्द पाध्ये, आशामरु साहुजस्ता मानवीय तथा गोरु, गाई, बाखाजस्ता मानवेतर पात्रको सहभागितामा संरचित 'छिमेकी' कथामा तिनै पात्रद्वारा गरिएका गतिविधि, कार्यकलाप, व्यवहार, कार्य आदिका माध्यमबाट मानवीय स्वभाव, बानी र विचारपक्षको अध्ययन गर्न सकिन्छ । अतः उक्त कथामा अन्तर्निहित कार्यात्मक निर्मितिलाई निम्नलिखित ढङ्गले अध्ययन गरिएको छ :

*प्रिय वस्तुप्रतिको आकर्षण र संरक्षण* : हरेक व्यक्तिले आफ्नो प्रिय वस्तुप्रति आकषित हुनुका साथै त्यसको संरक्षण गर्न खोजिरहेको हुन्छ । प्रिय वस्तुको संरक्षणका लागि व्यक्तिले जस्तोसुकै काम गर्न पनि पछि पर्दैन । प्रस्तुत कथाका दुवै पात्रहरू गुमाने र धनजिते यही मान्यताबाट अभिप्रेरित, प्रभावित र प्रवाहित रहेका छन् । वर्ष दिनको गुजारा चलाउने आशाको रूपमा रहेको रोप्ने बेलाको धानको बिउ धनजितेका लागि अति प्रिय वस्तु हो । त्यस्तो प्रिय वस्तु गुमानेको गोरुले नोक्सान गर्दा उसलाई ठुलो आघात पुग्छ र उसले गुमानेको गोरुलाई कुट्न सुरु गर्छ र गुमानेसँग बाभ्न पनि पछि पर्दैन । यसै गरी दिनभरि जोतेर असारे खेती सपार्ने काममा सहयोग पुऱ्याउने गोरुहरू गुमानेका लागि अति नै प्रिय छन् । त्यस्ता प्रिय गोरुलाई अरूले दौडाईदौडाई पिटेको दृश्य गुमानेले मात्र नभई कुनै पनि किसानले सहन गर्न सक्दैनन् । यसैको परिणामस्वरूप गुमाने पनि धनजितेसँग लड्न पछि पर्दैन । तथापि छिमेकीछिमेकीका बिचमा सम्बन्धविच्छेद गर्ने कारकका रूपमा यही प्रिय वस्तुप्रतिको आकर्षण र संरक्षणरूपी भावना रहेको निष्कर्ष प्राप्त हुन्छ ।

*अपरिहार्यता* : अपरिहार्यताले अनिवार्यता भन्ने अर्थबोध गराउँछ । मानिस सामाजिक प्राणी तथा ज्ञान, विद्या, बुद्धि र विवेकले युक्त भएकाले मानवीय मूल्य, मान्यता र मानवताको संरक्षण गर्नु उसको लागि अपरिहार्य अर्थात् अनिवार्य हुन्छ । व्यक्तिले गर्ने क्रियाकलाप तथा अरूप्रति देखाउने सेवाभावले यस्तो पक्षको जानकारी गराउँछ । धानको बिउ नोक्सान गरेको र गोरुलाई पिटेको कारण धनजिते र गुमानेजस्ता छिमेकीहरूको बिचमा बोलीचालीसमेत बन्द भएको अवस्थामा धनजिते र उसकी श्रीमती बिरामी भई अत्यन्त प्रतिकूलतामा रहँदाको परिस्थितिमा समेत गुमानेले धनजितेले आफूलाई पिटेको घटनालाई बिर्सी आफ्नै परिवारको सदस्यजस्तै सेवा गर्नुको मुख्य कारण यही छिमेकीको अपरिहार्यताले नै हो । यस कुरालाई तलको कथांशद्वारा थप पुष्टि गरिएको छ :

> पहिले त शत्रुको मुख के हेर्नु भनेर गुमानेले वास्ता गरेन । परन्तु जब स्वास्नीसमेत थला परी अनि गुमानेको चित्त रहन सकेन; विचार गऱ्यो- "यस्तै दैव लाग्छ र पो छरछिमेकी खोज्नुपरेको, नत्र ओडारमा गएर बसे पनि त भो नि; जहाँ पनि बस्नै न हो । दिनदशा, आपत्विपत् कसलाई पर्दैन ? बलको तुजुक थियो, मलाई सधैँ यत्तिकै पुग्छ भनेर घमन्ड गर्थ्यो, परमेश्वरले घमन्ड तोडे । बैगुनीलाई गुनले मार्नु भन्छन्, एउटै नगरमा बढेर यो उमेर भो, दौँतर हो, यस्तो आपत्मा पनि देखेको नदेख्यै गरे पाप लाग्दैन ? (मैनाली, २०७३, पृ. १४)

मानिस एउटै गाउँ वा ठाउँमा अर्थात् समाजमा बस्नुको मुख्य कारण आपत्विपत् पर्दाको बेलामा एकले अर्कालाई सहयोग पुऱ्याउने, दुःखसुखको साटासाट गर्ने, जीवन पनि सुरक्षित रहने तथा यी कुराहरूको अपरिहार्यता नभए मानिस एकै ठाउँमा नबसी अलगअलग अर्थात् समाजमा नबसी टाढाटाढा बस्न सक्ने सम्भाव्यता रहने तथा एउटा छिमेकी अप्ठ्यारोमा पर्दाको अवस्थामा अर्को छिमेकी चुप लागेर बस्नु मानवता र मानवीयताका दृष्टिले उचित नहुनेजस्ता तथ्यहरूका

माध्यमबाट प्रस्तुत कथांशले छिमेकीको अपरिहार्यतालाई प्रस्ट्याइदिएको छ । यस्तै गुमानेको मुखबाट निस्केको "छिमेकीलाई जिउँदाको जन्ती र मर्दाको मलामी भन्दछन्" (मैनाली, २०७३, पृ. १५) भन्ने अभिव्यक्तिले पनि छिमेकीछिमेकीबिचको अपरिहार्यतालाई बोध गराएको छ । साथै, गुमानेले धनजितेलाई ढुङ्गा हान्न खोज्दाको अवस्थामा धर्मानन्द पाध्येले छेक्नुको प्रमुख कारण मान्छेलाई खतरा वा ठुलो समस्यामा पर्न दिनु हुँदैन भन्ने अपरिहार्यताले नै हो । गुमाने धनजितेलाई छोडी आशामरु साहुको सामान बोक्न नजानुको कारकतत्त्व पनि छिमेकीप्रतिको दायित्व वहनको अपरिहार्यताले नै हो । यसर्थ समाजका व्यक्तिहरूका बिचमा आपसी समन्वय, सहकार्य र मेलमिलापको भावना हुनुपर्ने, दुःख पर्दा एक व्यक्तिले अर्को व्यक्तिलाई सघाउनुपर्ने तथा जुनसुकै परिस्थितिमा पनि लोककल्याणलाई सर्वोपरि महत्त्व दिनुपर्नेजस्ता अर्थीय पक्षको बोध गराइमा अपरिहार्यताले अहम् भूमिका वरण गर्ने कुरा स्पष्ट हुन्छ ।

*अन्तर्निर्भरता* : समाजमा बसोबास गर्ने एउटा व्यक्ति अर्को व्यक्तिमाथि निर्भर हुने अवस्था नै अन्तर्निर्भरता हो । हरेक समाजका व्यक्तिहरू एकआपसमा अन्तर्निर्भर हुन्छन् । यस मान्यताको प्रयोग 'छिमेकी' कथामा पाइन्छ । यस मान्यताअनुसारका क्रियाकलापहरू प्रस्तुत कथामा सम्पन्न भएका छन् । प्रस्तुत कथामा बिरामी भएको धनजिते र उसको परिवार गुमानेमाथि निर्भर देखिन्छ भने पसल थापेर बसेको आशामरु साहुको पसलमा सरसामान सकिएकाले सामान बोकेर ल्याइदिने सन्दर्भमा साहु पनि गुमानेप्रति निर्भर देखिन्छ । साहुको सधैँ सामान ओसारी आफ्नो आम्दानी बढाउने गुमाने पनि साहुमाथि निर्भर देखिन्छ । यसका साथै ठुलो गुन लगाएको गुमानेबिना धनजिते एक्लै कतै नजानु, त्यस्तै गुमानेले धनजितेलाई एक्लै नछोड्नुले यी पात्रहरू एक आपसमा अन्तर्निभर रहेको कुराको पुष्टि हुन्छ । यस कुरालाई तलको कथांशद्वारा थप पुष्टि गरिएको छ :

> एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीँ गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छाड्नु हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसका आत्माले पनि कर गर्न लाउँछ । अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? माटाको भर ढुङ्गो ढुङ्गोको भर माटो, संसार भरैभरमा अडेको छ । यो भरको ताँदो छिन्नेबित्तिकै सबै भताभुङ्ग हुन्छ । (मैनाली, २०७३, पृ. १५)

एकै ठाउँमा बसे पनि कुनै बेला मनमुटाव वा झैँझगडा भए पनि छिमेकीका हैसियतले गर्नुपर्ने कर्तव्य र दायित्ववहनलाई त्याग्न नहुने, साँचो र पवित्र मनले सेवा गरे छिमेकी (व्यक्ति) को मन पग्लिने, अमृत रोपेको ठाउँमा विष नफल्ने तथा माटोले ढुङ्गालाई र ढुङ्गाले माटोलाई आड दिएको, संसार पूरै भरैभरमा अडेको, भरको सम्बन्ध बिग्रनेबित्तिकै सबै सन्दर्भ भताभुङ्ग हुने र बिग्रिनेजस्ता अभिव्यक्तिका माध्यमबाट गुमानेले एकअर्काप्रतिको निर्भरतालाई प्रस्ट्याएको सन्दर्भलाई प्रस्तुत कथांशले पुष्टि गरेको छ । यसले समाजमा मात्र नभई अन्तर्निभरता प्रकृतिमा समेत रहने कुरालाई प्रस्ट पारेको छ । तथापि मानवीय जीवनको समुन्नतिमा अन्तर्निर्भरताको अहम् भूमिका रहने कुराको पुष्टि हुन्छ ।

## क्रियाकलापगत निर्मिति

प्रभुत्वशाली एवं सीमान्त वर्ग र समुदायको उपस्थिति देखिएको 'छिमेकी' कथामा निहित राजनीतिक वा क्रियाकलापगत निर्मितिको अध्ययन निम्नलिखित उपशीर्षकमा गरिएको छ :

*राजनीतिक शक्ति :* राजकीय सत्ता, शक्ति र शासनको प्रत्यक्ष उपस्थिति नदेखिए पनि त्यसको अवशेष 'छिमेकी' कथाका धर्मानन्द पाध्ये र आशामरु साहुमा प्राप्त गर्न सकिन्छ । पढ्न लेख्न जान्ने, 'वीरसिक्का' पढ्ने, गाउँमै आफूलाई सबैभन्दा बढी प्रौढ र होसियार ठान्ने तथा अरू व्यक्तिहरूलाई लडाई आनन्द लिने धर्मानन्द पाध्येको क्रियाकलापले उनमा राजनीतिक शक्ति निहित

रहेको कुरा प्रस्ट हुन्छ । उनी गाउँकै प्रभुत्वशाली वर्ग र समुदायको प्रतिनिधि भएको र उनको विपक्षमा अरू मान्छे नलागेको अवस्थाबाट उक्त गाउँमा उनको प्रभुत्व कायम रहेको कुराको पुष्टि हुन्छ । सोझासाझा सीमान्त वर्गलाई उक्साएर आपसमा लडाई आनन्द लिने उनको शासकीय स्वभावको चित्रण कथामा यसरी गरिएको छ– "धर्मानन्दलाई लडाउने मौका पर्यो । सुर्तीको लुँडो निमोठ्दै भने 'कस्तो मिचाहा भोटे रहेछ, बिहानभरि जोतेका भोका गोरुलाई आफैँ कुट्छ; अझ उही चोर र सोर उड्कन्छ'" (मैनाली, २०७३, पृ. १३) । गुमानेको गोरु धनजितेको खेतमा परेका तथा धनजितेले गोरुलाई पिटिरहँदाको अवस्थामा गुमानेलाई उक्साई समस्या झन् बढाइदिएको कुराको उद्घाटन धर्मानन्द पाध्येको माध्यमबाट गरिएको तथ्यलाई उक्त अभिव्यक्तिले प्रमाणित गर्दछ । प्रायः जसो सीमान्त वर्गकै विरुद्धमा काम गर्ने प्रभुत्वशाली वर्गहरूले कहिलेकाहीँ सिर्जनात्मक कार्य पनि गर्दछन् । यस कोणबाट हेर्दा अर्कालाई लडाउने र भिडाउने कार्यलाई आफ्नो मनोरञ्जनको आधार बनाउने पाध्येले गुमानेले ढुङ्गाले धनजितेलाई हान्न खोज्दाको अवस्थामा छेक्ने काम गरी गुमाने र धनजिते दुवैलाई ठुलो समस्याको सम्भावनाबाट जोगाएका छन् । यस अर्थमा उनले आफ्नो शक्तिको प्रयोग खाली नकारात्मक कार्यमा मात्र नगरी सकारात्मक काममा समेत उपयोग गरेको कुरा स्पष्ट हुन्छ । उनी मूलतः सीमान्तविरोधी भएको कुरा सीमान्तहरूले बुझ्न नसक्नु, उनकै उक्साहटमा झन् बढी झगडा गर्नु, सीमान्त सीमान्तहरू आपसमा मिल्नुको सट्टा लड्नुले कथाको आरम्भिक अवस्थामा सीमान्तहरू राजनीतिक दृष्टिले सचेत नभएको, प्रभुत्वशाली वर्गले उत्पादन गरेको अर्थलाई जस्ताको तस्तै रूपमा स्वीकार गर्ने शासित वर्गीय पात्रको प्रतिनिधित्व गरेका छन् ।

'छिमेकी' कथामा प्रंभुत्वशाली वर्गको प्रतिनिधित्व गर्ने अर्का पात्र आशामरु साहु हुन् । गाउँमा पसल थापेर आर्थिक अवस्था बलियो बनाएका साहुले मालसामान सकिएकाले मालसामान ल्याउनका लागि सीमान्त पात्र गुमानेकहाँ पुगी पैसाको लोभ देखाउँदै सामान ल्याइदिने काममा लगाउन चाहन्छन् । धनजितेले विगतमा दुःख दिएको स्मरण गराउँदै सामान ओसारिदिने अर्थको उत्पादन गरी सहमतीय आधारमा मनाउन खोज्दाको अवस्थामा आफूले छिमेकीलाई यस्तो प्रतिकूल अवस्थामा छोडी मालसामान बोक्न नजाने भन्दै गुमानेले साहुद्वारा स्थापना गर्न खोजिएको अर्थलाई अस्वीकार गर्दछन् र प्रतिप्रभुत्वको अवस्थाको समेत सिर्जना गर्दछन् । यस किसिमबाट कथाको आरम्भमा सोझासाझा देखिने र ठुलाबडाको इसारामा व्यवहार देखाउने गुमाने र धनजिते दुवैजना कथान्तको अवस्थामा सचेत देखिएका छन्; सीमान्त सीमान्त आपसमा मिलेका छन् र शक्ति सञ्चयसमेत गरेका छन् । यी सन्दर्भहरूले प्रभुत्वशाली र सीमान्त वर्गहरूका बिचमा सङ्घर्ष चलिरहने तथा सीमान्त वा शासित वर्ग सचेत हुँदाको अवस्थामा उनीहरूलाई प्रभुत्वशाली वर्गले कज्याउन र प्रयोग गर्न नसक्ने परिस्थितिको उद्घाटन गरेका छन् ।

*सामाजिक शक्ति* : सामाजिक हैसियत र स्तर निर्धारण गर्ने तत्त्वका रूपमा सामाजिक शक्ति रहेको पाइन्छ । सामाजिक शक्ति विभिन्न माध्यमबाट अभिव्यक्त हुने गर्दछ । लिङ्गका आधारमा महिला र पुरुष दुवै प्रकारका पात्रहरूको प्रयोग गरिए पनि प्रस्तुत कथामा महिलाको भूमिका गौण र पुरुषको भूमिका सक्रिय देखिन्छ । महिला पात्रहरू कथामा आए पनि हरेक निर्णय गर्ने तहमा पुरुषहरू नै रहेका छन् । जातिगत दृष्टिले हेर्दा प्रस्तुत कथामा उच्च जातिका रूपमा धर्मानन्द पाध्ये र आशामरु साहु आएका छन् भने सामान्य जातिका रूपमा गुमाने घर्ती र धनजिते भोटेको उपस्थिति देखिन्छ । उच्च जातिका पाध्ये र साहु प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गरेका छन् भने सामान्य जातिका घर्ती र भोटेले अधीनस्थ वर्गको नेतृत्व गरेका छन् । यसै गरी वर्गीयताका आधारमा उच्च वर्गीय पात्रको भूमिकामा धर्मानन्द पाध्ये र आशामरु साहु तथा निम्नवर्गीय पात्रका रूपमा गुमाने र धनजिते आएका छन् । धर्मानन्द पाध्ये पढालेखा भएका र प्रौढ देखिएकाले समाजमा उनको ठुलो मान रहेको पाइन्छ । साथै, देवीदेवताको पूजापाठ गरेर केही नहुने ('सिमेभूमे पुजेर पनि

रोग हराउँछ ?') तर्क गर्दै आफूलाई शिक्षित र आधुनिक भएको देखाउने काम पाध्येले गरेका छन् । "तिमी ठमठमती छौ र रुपियाको धाक देखाउँछौ" (मैनाली, २०७३, पृ.१५) भन्ने अभिव्यक्ति गुमानेले आशामरु साहुका बारेमा व्यक्त गर्नुले साहुको सामाजिक हैसियत आर्थिक दृष्टिले सबल रहेको निष्कर्ष प्राप्त हुन्छ । गुमानेसँग गोरु र केही खेतबारी हुनुका साथै गुमानेले बेलामौकामा भारी बोक्ने काम गर्नु तथा धनजितेसँग गाई, बाखा र केही खेतबारी हुनु लगायतका आधारमा यी दुवै पात्र सीमान्त वर्गको सामाजिक हैसियतमा रहेको तथ्य प्रमाणित हुन्छ ।

'छिमेकी' कथामा सक्रिय अवस्थामा रहेका गुमाने, धनजिते, धर्मानन्द पाध्ये र आशामरु साहु सबैले आफ्नो सामाजिक स्तरलाई कायम गर्न खोजेकै छन् । पाध्येले गाउँभरिमा आफूलाई सबैभन्दा बढी जान्ने प्रबुद्ध र बौद्धिक वर्गका रूपमा उभ्याएर, आशामरु साहुले आफूलाई एउटा व्यापारीका रूपमा स्थापित गरेर, गुमानेले सिकिस्त र बिरामी छिमेकीप्रतिको दायित्व पूरा गरी आफूलाई असल छिमेकीका रूपमा प्रस्तुत गरेर तथा धनजितेले गुमानेको असल कार्यबाट पाठ सिकी गुमानेप्रति पूर्ण वफादार रही असल मित्रताको उदाहरण प्रस्तुत गरेर आआफ्ना सामाजिक स्तरलाई कायम गरेका छन् । फुकोको हरेक व्यक्तिमा शक्ति निहित हुने मान्यताअनुसार यस कथाका सबै मञ्चीय पात्रहरूमा कुनै न कुनै प्रकारको शक्ति निहित रहेको कुरा प्रष्ट हुन्छ । गुमानेले आशामरु साहुको प्रस्तावलाई ठाडै अस्वीकार गर्नु तथा गुमानेको कसैले बदख्वाइँ गर्दा धनजितेले बदख्याइँ गर्नेसित झगडा गर्नु र गुमानेको पक्षमा आवाज उठाउनुले उनीहरूभित्रको उन्मुक्तिको चाहना : ज्ञान र शक्तितिरको उन्मुखताको अवस्थालाई बोध गराउँछन् । यसरी नै सत्ताका कोणले पाध्ये र साहुले प्रभुत्वशाली किसिमको सामाजिक हैसियत निर्माण गरेका छन् भने गुमाने र धनजितेले सचेत सीमान्त वर्गको हैसियत स्थापित गरेका छन् । कथाको अन्त्यतिर साहुले राखेको मालसामान ल्याउने प्रस्तावलाई गुमानेले विवेकपूर्ण ढङ्गले तर्क गर्दै अस्वीकार गरी प्रतिप्रभुत्वको अवस्थाको सिर्जना गरिदिएको छ । साथै गुमाने, धनजिते, धर्मानन्द पाध्ये र आशामरु साहु आआफ्नै विचारधाराबाट प्रभावित भएकाले कतिपय मामिलामा एकअर्काका विरोधी पनि देखिन्छन् ।

## निष्कर्ष

छिमेकीको अपरिहार्यता, आवश्यकता र महत्त्वलाई सर्वाधिक स्थान दिइएको 'छिमेकी' कथाका माध्यमबाट असल छिमेकीको कर्तव्य र दायित्व, छिमेकीछिमेकीबिचको मित्रता, परस्पर सहयोग र सेवाभावको भावनाजस्ता पक्षहरूलाई सांसारिक, कार्यात्मक र क्रियाकलापगत निर्मितिका दृष्टिले पाठकसमक्ष सम्प्रेषित गरिएको छ । छिमेकी छिमेकीबिचको झैँझगडा, असमझदारी तथा असहज परिस्थितिमा हुने समझदारी र आपसी सहयोग, सुखदुःखमिश्रित मानवीय जीवनपद्धति एवं प्रभुत्वशाली वर्गको सीमान्त वर्गलाई सधैँ आफ्नो अधीनस्थ बनाउने, उनीहरूलाई आपसमा भिडाउने र प्रयोग गर्न खोज्ने स्वभाव तथा दैवीशक्ति र अध्यात्मप्रतिको आस्था र विश्वासको उद्घाटन उपस्थित र अनुपस्थित यथार्थको चित्राङ्कनका माध्यमबाट प्रस्तुत कथाको सांसारिक निर्मितिको प्रस्तुतीकरण गरिएको छ । वर्षदिनको आधारभूत आवश्यकताको व्यवस्थापनमा सघाउने असार महिनामा रोपाइका लागि तयारी अवस्थामा राखिएको धानको बीउको नोक्सानी हुँदा र बाझो खेतको जोताइ गरी कृषिकार्यमा सघाई मानवीय जीवनको अनिवार्य अङ्गका रूपमा रहने गोरुलाई हानी पुर्याइँदा संयमता गुमाई आपसमा द्वन्द्व र झगडा गर्ने छिमेकीहरूको क्रियाकलापका आधारमा प्रिय वस्तुप्रतिको आकर्षण र संरक्षण तथा समाजका व्यक्तिहरू कुनै न कुनै रूपले एकअर्काप्रति निर्भर रहने सन्दर्भका कोणबाट अन्तर्निर्भरतागत अभिव्यक्तिका माध्यमबाट उक्त कथाको कार्यात्मक निर्मितिको द्योतन गरिएको छ । शिक्षा, सम्पत्ति र पहुँचका दृष्टिले सबल रहेका प्रभुत्वशाली एवं

अवरजनात्मक अवस्थामा रहेका अधीनस्थ वर्गबिचको सङ्घर्ष, सीमान्त वर्गीय मानिसहरूको आपसी वैमनस्यताका साथै आपसी मेलमिलाप, मित्रता र एकताबाट सङ्गृहीत शक्तिसञ्चयगत सन्दर्भबाट राजनीतिक शक्ति तथा जातिगत दृष्टिले उच्च र निम्न जाति, आर्थिक कोणले सम्पन्न र विपन्न एवं शैक्षिक दृष्टिले शिक्षित र अशिक्षित वर्गीय पात्रहरूको चरित्राङ्कन, आफ्नो सम्पत्ति, शिक्षा र जातिगत सबलताको आडमा सदैव शक्तिको केन्द्रमा स्थापित रहिरहने प्रभुत्ववर्गीय सोच तथा आपसी ऐक्यबद्धता र विवेकपूर्ण लोकव्यवहारगत आचरणले सीमान्त समुदायको शक्ति र हैसियतमा अभिवृद्धि हुने सन्दर्भका दृष्टिले सामाजिक शक्तिको अङ्कनका माध्यमबाट उक्त कथाको क्रियाकलापगत निर्मितिको प्रस्तुतीकरण गरिएको छ। उक्त निर्मितिको प्रयोगले प्रस्तुत कथाको आपसी एकता, सद्भाव र परस्परको सहयोग, लोककल्याण र मानवताको सर्वोपरिता तथा छिमेकीहरूको आवश्यकता र अपरिहार्यतासँग सम्बद्ध पक्षको अङ्कनका माध्यमबाट आदर्शवादी समाजको स्थापनाप्रतिको दृष्टिकोण र चिन्तन पाठकसमक्ष सम्प्रेषित गर्ने कथाकार मैनालीमा कथाको सिर्जनात्मक शिल्प र सामर्थ्य बेजोड रहेको तथ्य प्राप्त हुनु नै यस लेखको निष्कर्षात्मक प्राप्ति हो ।

## सन्दर्भ सामग्रीसूची


उप्रेती, सञ्जीव (२०६९). *सिद्धान्तका कुरा* (चौथो संस्क.). काठमाडौं : अक्षर क्रियसन्स नेपाल ।

गौतम, देवीप्रसाद (२०६८). 'सङ्कथन विश्लेषण'. *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड). (सम्पा.) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. काठमाडौं : रत्न पुस्तक भण्डार ।

गौतम, कृष्ण (२०७५). *मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म.* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७०). सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू. *भृकुटी.* १९, पृ.३३५–३६४ ।

मैनाली, गुरुप्रसाद (२०७३). *नासो* (एक्काइसौँ संस्क.). ललितपुर : साझा प्रकाशन ।

Gee. J.P. (ad. 1999). *an introduction to Discourse Anaiysis : Theory and Method.* London and New York : Routledge.